नेपाल नागरिक उड्डयन प्राधिकरण
सिमरा नागरिक उड्डयन कार्यालय

**विमानस्थल क्षेत्रभित्र रहेको जग्गाहरू कृषि प्रयोजनको लागि ठेक्कामा दिने बारेको बोलपत्र आह्वानको सूचना ।**

**प्रकाशित मिति २०८०।५।२२**

यस कार्यालयको क्षेत्रभित्र रहेको कार्यालयले नामाकरण गरेको प्लट नं २ को १२-११-१९ (विघा-कठ्ठा-धुर VOR/DME रहेको क्षेत्रमा) र प्लट नं. ३ (डुमरवाना जाने बाटोको उत्तरपट्टी) को १०–१८ (बिघा-कठ्ठा) को खाली जग्गा कृषि प्रयोजनको लागि २०८० कार्तिक १ गतेदेखि ३ (तिन) बर्षको लागि तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्कामा दिनुपर्ने भएको हुँदा इच्छुक सघं–संस्था, नेपाली नागरिकहरुबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ।

तपसिल:–

१) इच्छुक सघं–संस्था, नेपाली नागरिक वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम रु ३३९०।– (तीन हजार तिन सय नब्बे मात्र) मु.अ.कर सहित फिर्ता नहुने गरी राष्ट्रिय वाणिज्य बैंक स्थित नेपाल नागरिक उड्डयन प्राधिकरणको खाता नं. १०९०१०००६४९१७००१ मा जम्मा गरेको बैंक भौचर, सङ्घसंस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र सक्कलै प्रति साथमा ल्याई सोको फोटोकपि सहित निवेदन दिएमा यस कार्यालयबाट मिति २०८०।५।२२ देखि २०८०।६।११ सम्म कार्यालय समय भित्र प्राप्त गर्न सकिन्छ ।

२. बोलपत्र फाराम मिति २०८०।६।१२ गते १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। पर्न आएका बोलपत्रहरु सोही दिन दिउँसो ०२:०० बजे यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि तथा ठेकेदार प्रतिनिधिको रोहवरमा खोलिने छ। तर ठेकेदार प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खेल्न बाधा पर्ने छैन। सो दिन बिदा परेमा भोलिपल्ट बोलपत्र फाराम बुझाइने र खोलिने छ।

३. बोलपत्र फारामको साथ उक्त प्लटको नक्शा संलग्न हुनेछ। उक्त प्लट नं. २ को न्यूनतम बार्षिक कबोल रकम ४,००,०००/- (चार लाख मात्र) र प्लट नं. ३ को जग्गाको न्यूनतम बार्षिक कबुल अङ्क रु २,१९,०९०।– (दुई लाख उन्नाईस हजार नब्बे मात्र) हुनेछ ।

४. बोलपत्र जमानतबापत बोलपत्रदाताले बार्षिक कबुल पर्ने अंकको ३ बर्षको लागि ५ प्रतिशतले हुने रकम यस कार्यालयको एभरेष्ट बैंक लि. सिमरा स्थित धरौटी खाता हि.नं. ००७००१०५०००१५२ जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बमोजिमको नियमानुसारको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्ने छ। यसरी बोलपत्रसाथ पेस गरेको जमानतको अवधि न्यूनतम १८० दिनको हुनुपर्नेछ। धरौटी रकम दुवै प्लटको लागि छुट्टाछुट्टै वा एकमुष्ठ रुपमा बुझाउन सकिनेछ।

५. आफूले कबोल गर्ने प्लटको दररेट बार्षिक रुपमा कबोल रकम खुल्ने गरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। एउटा मात्र प्लटको लागि पनि रकम कबोल गरी बोलपत्र पेस गर्न सकिनेछ। बोलपत्र कबुल अङ्कमा यति प्रतिशत घटी वा बढी वा अन्य केही कुराको शर्त राखेको वा कैफियत जनाएको बोलपत्र मान्य हुने छैन। रीत नपुगेको, म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

६. बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताबाट स्वीकृत कुल ठेका अङ्कको २५ प्रतिशत रकमको नेपाल राष्ट्र बैंकबाट (क) वर्गको इजाजत प्राप्त बैंकको कम्तिमा कबुलियत अवधिभन्दा ६ महिना बढी म्याद भएको बैंक जमानत वा कार्यालय धरौटी खाता नं ००७००१०५०००१५२ मा नगदै जम्मा गरेको बैंक भौचर पेश गरी सम्झौता गर्नुपर्नेछ।

७. ठेकेदारले उक्त जग्गामा उखु, मकै जस्ता अग्ला अग्ला बोट, बिरुवा हुने बाली तथा गाँजा जस्ता कानुनद्धारा निषेधित तथा जङ्गली जनावर तथा चराचुरूङ्गी आकर्षित गर्ने खालका बाली लगाउन पाइने छैन।

८. आफुले सकार गरेको जग्गाको फेन्सिङहरुको रेखदेख तथा मरम्मत सम्भार ठेकेदारले आफ्नै खर्चबाट गर्नुपर्नेछ। साथै उक्त क्षेत्रभित्र रहेका उपकरणहरुको रेखदेखसमेत ठेकेदारले गर्नुपर्नेछ।

९. अन्य विस्तृत जानकारीको लागि एवं प्लट हेर्न चाहनेले कार्यालय समयभित्र सम्पर्क राख्नुपर्नेछ।

१०. कबुल गर्ने ठेकेदारले हवाई उपकरण, जमिनमुनि रहेका तारहरु आदि, बचाई, हवाई उडान अवतरणमा बाधा नपर्ने गरी फेन्सिङ गरिएका जग्गाहरु अनधिकृत रुपमा गाई, बस्तु, व्यक्तिहरुको प्रवेश नियन्त्रण गरी विमानस्थल सुरक्षा व्यवस्थामा असर पर्ने खालका कुनै गतिविधि गर्न पाईने छैन।

११. नेपाल नागरिक उड्डयन प्राधिकरणको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा प्राधिकरणलाई आवश्यक परेमा ठेक्कामा दिइएको जग्गाको बन्दोबस्त रद्द गर्ने अधिकार समेत यस कार्यालयमा निहित रहने छ।

१२. यस सम्बन्धी विस्तृत सूचना कार्यालयको Website:simara.caanepal.gov.np र नेपाल नागरिक उड्डयन प्राधिकरणको Website:caanepal.gov.np मा हेर्न सकिनेछ।

१३. यो सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ।

## शर्तहरू:

१. बोलपत्रसाथ देहायका कागजातहरु (नवीकरण सहित) संलग्न हुनु पर्नेछ। कार्यालयले मागेको बखत आफूले पेस गरेको प्रतिलिपिको सक्कल कागजातहरु पेस गर्नुपर्नेछ। (कम्पनीको हकमा)

(क) फर्म दर्ता प्रमाणपत्र,

(ख) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) आर्थिक वर्ष २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि/ म्याद थप भएको प्रमाण,

(घ) व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व/घोषणापत्र,

(ङ) प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउने छैन।

(च) नेपाली नागरिकको हकमा नागरिकताको प्रमाणपत्रको फोटोकपी र प्यान कार्डको फोटोकपी

२. कबोल गरेको रकमको ५% ले हुन आउने धरौटी रकम सिमरा स्थित एभरेष्ट बैंक मा रहेको यस कार्यालयको धरौटी खाता नम्बर ००७००१०५०००१५२ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (खोल्ने मितिबाट बोलपत्र) मान्य अवधि भएको बैंक ग्यारेण्टी (Bid Bond)बोलपत्रसाथ पेस गर्नु पर्नेछ।

३. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री सिमरा नागरिक उड्डयन कार्यालय, लाई सम्बोधन गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

४. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. रीत नपुगी, म्याद नाघी, शर्त राखी वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

६.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. ठेक्का अवधि ३ (तीन) वर्षको हुनेछ।

८. सुरक्षा निकायबाट प्राप्त सुरक्षा सम्वन्धी निर्देशन तथा कार्यालयले समय-समयमा दिएको निर्देशनहरु सञ्चालकले निःशर्त र अनिवार्यरुपमा पालना गर्नु पर्नेछ ।

९. देहाय बमोजिम नभएका बोलपत्र उपर कुनै कारबाही हुने छैनः-

क) तोकिएको समयभित्र दाखिला हुन नआएको,

ख) सिलबन्दी भई नआएको,

ग) कबोल अंकको ५% भन्दा घटी धरौटी दाखिला गरेको वा बैंक ग्यारेन्टी रकम कम भएको वा तोकिएको मान्य अवधि पूरा नभएको,

घ) बोलपत्र पेस गर्ने आधिकारिक व्यक्ति/फर्मको दस्तखत र छाप नभएको,

ङ) कार्यालयबाट बिक्री भएको बोलपत्र फाराम भरी नआएको,

छ) बोलपत्रमा शर्त राखी पेस भएको,

ज) बोलपत्रको शर्त नम्बर १ मा उल्लेख भए बमोजिम कागजातहरु पेस नभएमा।

१०. प्राप्त भएका बोलपत्रहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सारभूत रुपमा प्रभावग्राही देखिएको बोलपत्र छनौट गर्ने सम्बन्धी ७ दिनको आशयको सूचना प्रकाशन गरिनेछ र सोको जानकारी सम्पूर्ण बोलपत्रदातालाई गराइनेछ ।

११. आशयको सूचनामा तोकिएको समयभित्र कुनै पनि फर्म/कम्पनीबाट उजुरी प्राप्त नभएमा छनौट भएको बोलपत्र स्वीकृत गरी नियमानुसार सम्झौता गर्न आउनको लागि सूचना दिइनेछ। सूचना पाएको बोलपत्रदाताले ३ वर्षको लागि कबोल गरेको कुल रकमको प्रथम किस्ता वापत हुन आउने रकम राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणको खाता नम्बर १०९०१०००६४९१७००१ मा दाखिला गरेको सक्कल भौचरकासाथ सम्झौताको

लागि सम्पर्क राख्न आउनु पर्नेछ । तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा धरौटी/बैंक जमानत(Bid Bond) जफत गरिनेछ ।

१२.बोलपत्रदाताले कबोल गरेको ३ वर्षको बहाल रकमको २५ (पच्चीस) प्रतिशतले हुन आउने रकम कार्यालयको सिमरा स्थित एभरेष्ट बैंक मा रहेको धरौटी खाता नम्बर ००७००१०५००००१५२ मा दाखिला गरेको सक्कल भौचर वा क वर्गको वाणिज्य बैंकबाट जारी भएको ३ वर्ष ६ महिना मान्य अवधि भएको कार्यसम्पादन जमानत (Performance Bond) पेस गरेपछि सम्झौता गरिनेछ। स्थायी सम्पत्ति/जायजेथा जमानत लिईने छैन ।

१३. मूल्याङ्कनबाट छनौट भएको बोलपत्रदाता म्यादभित्र सम्झौता गर्न नआएमा निज बोलपत्रदाताको Bid Securities जफत गरी निज पछि छनौट भएको दोस्रो, तेस्रो क्रमानुसारका बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी ठेक्का सम्झौता गरिनेछ ।

१४. कार्यालय र फर्म/कम्पनी/व्यक्ति बीच भएको सम्झौता अनुसारको बहाल रकमको चौमासिक किस्ता भुक्तानी गर्दा प्रचलित नियमानुसार कर वापतको रकम नेपाल सरकारको सम्बन्धित राजस्व खातामा दाखिला गरी सोको सक्कल भौचर र बाँकी रकम राष्ट्रिय वाणिज्य .बैङ्कमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणको खाता नम्बर १०९०१०००६४९१७००१ मा दाखिला गरेको सक्कल भौचर कार्यालयमा पेस गर्नुपर्नेछ। सो बाहेक नेपाल सरकारलाई कुनै कर बुझाउनु पर्ने भनी तोकिएको ठेक्का कर, आयकर तथा मूल्य अभिवृद्धि कर र पछि कुनै कर दस्तुर तिर्नुपर्ने तथा लाग्ने भएमा सो समेत फर्म/कम्पनीले/ व्यक्ति नै बुझाउनु पर्नेछ ।

१५. किस्ता रकम बार्षिक रुपमा अग्रिम किस्ता शुरु हुनु अगावै कार्यालयमा दाखिला गर्नुपर्नेछ। तोकिएको समयभित्र किस्ता रकम दाखिला नगरेमा धरौटी/कार्यसम्पादन जमानतबाट कट्टा गरी किस्ता रकमको हिसाब मिलान गरिनेछ। यसरी हिसाब मिलान गर्दा धरौटी/कार्यसम्पादन जमानतमा कमी हुन आएमा कमी हुन आएको रकम जम्मा गरेर मात्र सेवा सञ्चालन गर्नुपर्नेछ। पूरै धरौटी/कार्यसम्पादन जमानत रकम जम्मा गरेर मात्र सेवा सञ्चालन गर्नुपर्नेछ। पूरै धरौटी/कार्यसम्पादन जमानत रकम जम्मा नभएको खण्डमा सेवा सञ्चालनमा रोक लगाइनेछ।

१६.सम्झौता सम्पन्न भएपश्चात् प्रचलित ऐन, नियम तथा कानूनमा कुनै संशोधन भएमा संशोधित व्यवस्था लागू हुनेछ । यसरी संशोधन हुँदा शूल्क/दस्तुरमा परिवर्तन आएमा परिवर्तित दस्तुर लागू हुनेछ ।

१७. व्यक्ति/फर्म/कम्पनीले सेवा सञ्चालन गर्दा प्रयोग हुने विद्युत शुल्क तथा टेलिफोन सेवा शुल्कको हकमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम २७ बमोजिम भुक्तानी गर्नुपर्नेछ। विद्युत तथा टेलिफोनको प्रयोग गरे वापत कार्यालयले उपलब्ध गराएको बिल बमोजिमको शुल्क बिल प्राप्त भएको मितिले ७ (सात) दिनभित्र भुक्तानी गर्नुपर्नेछ।

१८ .बोलपत्र सम्बन्धी कागजातमा तोकिएका सबै शुल्कहरु तोकिएको समयमै भुक्तानी नगरेमा म्याद भुक्तान भएको साठी दिनसम्म प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ र साठी दिनपछि विलम्ब शुल्कसहितको बक्यौता रकममा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत थप गरी असूल गरिनेछ।

१९.सकारकर्ताले उक्त जग्गामा सरसफाई राख्ने तथा निस्कने फोहरजन्य पदार्थहरु निर्दिष्ट स्थानमा लगेर आफैले फोहोर व्यवस्थापन गर्नुपर्नेछ।

२०. सुरक्षा वा अन्य कारणले तत्काल वा निश्चित समयको लागि कार्यालयले आवश्यक आदेश दिन सक्नेछ। यसरी आदेश पाएमा सो आदेशको पालना अनिवार्य र निःशर्त रुपमा गर्नुपर्नेछ।

२१. बहालमा उपलब्ध गराएको स्थान कार्यालयलाई नै आवश्यक परी खाली गराउनुपर्ने अवस्था विद्यमान भएमा कम्तीमा ३५ दिनको अग्रिम सूचना दिएर मात्र सम्झौताको अन्त्य गरी स्थान खाली गराउन सक्नेछ।

२२. सम्झौता गर्दाको अवस्थामा आधारभूत परिवर्तन भई सम्झौताको परिपालना गर्न असम्भव भएमा दुवै पक्षको सहमतिमा सो अवधिसम्मको हिसाब फरफारक गरी सम्झौताको अन्त्य गर्न सकिनेछ।

२३. उडान सुरक्षा, हवाई सुरक्षा र यात्रु सेवा सुविधा सम्बन्धमा कार्यालयले दिएको आदेश तत्काल निःशर्त पालना गर्नुपर्नेछ।

२४. तोकिएको स्थान प्रयोग गर्दा अन्य निकायहरुको कार्यमा बाधा नपर्ने गरी गर्नुपर्नेछ।

२५. व्यक्ति/फर्म/कम्पनीले बहालमा लिएको स्थानमा विद्युतीय सामग्रीहरुको जडानमा गुणस्तरीय सामान प्रयोग गर्नुपर्नेछ र बेला बेलामा कार्यालयका प्राविधिक कर्मचारीबाट निरीक्षण गराई सोको लगबुक राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

२६. बहालमा लिएको स्थान प्रयोग गर्ने क्रममा व्यक्ति/फर्म/कम्पनीको लापरवाहीबाट कुनै क्षति भएमा सो क्षतिको क्षतिपूर्ति कार्यालयलाई तिर्नुपर्नेछ।

२७. सम्झौताको कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा मध्यस्थता ऐन, २०५५ बमोजिम विवादको समाधान गरिनेछ।

२८.बोलपत्र सम्बन्धी कागजातमा नपरेका कुराको हकमा नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी ऐन, नियम तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

२९. बोलपत्र सूचनामा उल्लिखित शर्तहरु यसै बोलपत्र सम्बन्धी कागजातहरुमा उल्लेख भएका शर्तहरु सरह मान्य हुनेछन्।

३०. बोलपत्र फारामका शर्तहरुमा नपरेका अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।